# विराटनगर महानगरपालिका

**बैठक संख्या: ७९**
**मिति: २०७७/०९/१०**

**बैठक प्रारम्भ: विहान ९ : ०० बजे**
**बैठक स्थगन: विहान १० : ०० बजे**

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप-प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री इन्द्रमणि पोखरेल | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३२ | आ.सहयोगी | केवल पोखरेल | |
| ३३ | आ.सहयोगी | धिरज राई | |

**प्रस्ताव तथा निर्णय :**

**निर्णय नं. १**

वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभागको स्थानीय तहसंगको साझेदारीमा सहरी वन विकास कार्यक्रमका लागि मिति २०७७/८/२१ गते प्रकाशित सूचना अनुसार प्रस्ताव माग भइ आएकोमा निम्न स्थानहरुको लागत सहभागिता ३० प्रतिशत रकम साझेदारी गर्ने गरि निम्न योजना छनौट आवश्यक सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

१ विराटनगर वार्ड नं. ४ को वस्ता पैनी नजिकको ऐलानी जग्गामा पार्क निर्माण ।

२. वार्ड नं. ८ को अशोक चौक हूदै पशुवधशाला जानेबाटोको दुवै साइडमा फलामे तार जाली सहितको वृक्षारोपण गर्ने ।

३. वार्ड नं. १२ को दरैयामार्गको दुवै साइटमा फलामेतार जाली सहितको वृक्षारोपण गर्ने ।

**निर्णय नं.२**

वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग को मिति २०७७ कार्तिक २७ को च.नं २७६ को पत्र अनुसार विभागको आ.व. २०७७/२०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वातावरण मैत्री शहरी वृक्षरोपण अभियानमा पार्क निर्माणमा रु. एक करोड विनियोजन गरिएको हुदां २० प्रतिशत लागत सहभागिता गर्ने गरि विराटनगर वार्ड नं. १ मा रहेको चिल्ड्रेन पार्कको सौन्दर्यकरणमा आवश्यक सहयोगका लागि लागत इष्टिमेट, डिजाइन तयार गरि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

विराटनगर महानगरपालिका वडा नं. १९ बैजनाथपुर खद्राटोलमा रहेको विद्यालय श्री जागृत आ.वि. सोही वडाको श्री सार्वजनिक मा.वि.झापा बैजनाथपुरको जग्गा ९(क) कि.न. ७१८ क्षेत्रफल ०-३-५ र कि.न. ७३९ क्षेत्रफल ०-०-१६ मा संचालन रहेको र साविक सार्वजनिक नि.मा.वि. हाल सार्वजनिक मा.वि.बाट जागृति आ.वि.को नाममा विद्यालयले संचालन गर्दै आएको जग्गा हक हस्तान्तरण गर्न मिति २०७७/०८/१४ च.न. ७७ बाट लेखि आएको हुदां साथै वडा कार्यालयवाट समेत सिफारिस भै आएको हुदां शिक्षा मन्त्रालय,सिंहदरवार काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

महानगर बहुप्राविधिक शिक्षालयमा प्राचार्य परिवेश पराजुली, लेखापालमा सुलोचन गुरांगाईलाई करार र सुपरभाईजर (खरिदार सरह) मा गिता रेग्मी (कोईराला)लाई खटाईएको विषयको जानकारी भयो ।

**निर्णय नं.५**

संस्थागत सुत्केरी सेवालाई प्रोत्साहित गर्दै गर्भावस्था, प्रसुति अवस्था एवम् उत्तर प्रसुति अवस्थाका जटिलताबाट हुने मातृ शिशु मृत्युदरमा कमी ल्याउने उद्देश्य अनुरुप गर्भवती तथा सुत्केरी महिलाहरुलाई समयमै स्वास्थ्य सेवाको पहुंचमा पुग्न निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनार्थ **"विराटनगर निःशुल्क प्रसुति एम्बुलेन्स सेवा निर्देशिका २०७७"** पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.६</u>

ईलाका प्रहरी कार्यालय, रानीको घरनक्सा पास वापतको जरिवाना रु. रु.२,८३,३६४।१६ रकम आगामी नगरसभाबाट अनुमोदन हुनेगरी मिनाहा गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.७</u>

सम्पुरक अनुदान सम्वन्धी कार्यविधि २०७५ अनुसार निम्न लिखित योजनाहरु राष्ट्रिय योजना आयोग समक्ष पेश गर्ने निर्णय गरियो ।

१. महानगरपालिका कार्यालय भवन निर्माण,वडा नं.७
२. कंचन केशलिया मार्गमा नाला निर्माण,वडा नं.४
३. पशु बधशाला निर्माण, वडा नं. ८
४. सोमवारे हाट हुदै मुनालपथ सम्म कालोपत्रे तथा नाला निर्माण, वडा नं. २
५. विभिन्न वडा कार्यलयको भवन निर्माण( वडा नं. १, ४, ५, ८, ११, १२, १४, १६ र १८)

<u>निर्णय नं.८</u>

आगामि आ.व.२०७८/०७९ को लागि विभिन्न आय शिर्षकहरुमा रु.४,१२३,००७,०००।०० अनुमान आय प्रक्षेपण गरि सम्वन्धित निकायमा पत्रचार गर्ने निर्णय गरियो ।